# लेखापरीक्षण प्रतिवेदन

## पंचदेवल विनायक नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पंचदेवल विनायक नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/39

श्रीमान् नगर प्रमुखज्यू,
पंचदेवल विनायक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, अछाम।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/39

मिति : २०८३-१-२८

श्रीमान् नगर प्रमुखज्यू,

पञ्चदेवल विनायक नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब २८ करोड ५९ लाख ४६ हजारको लेखापरीक्षणबाट रू.२७ लाख २ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.२ लाख १५ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६९ हजार र नियमित गर्नुपर्ने रू.२३ लाख ३० हजार गरी जम्मा रू.२४ लाख ८७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१० करोड ३० लाख ३९ हजारमा यो वर्षको सम्परीक्षण रू.२९ लाख ८२ हजार घटाइ बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.१० करोड २५ लाख ४५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रबन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४९ | ३१ | २७,०२,३४७ | ० | १८ | २,१५,२४४ | ० | ४९ | १३ | २४,८७,१०३ | ८८,६७५ | २३,२९,७२८ | ६८,७०० | ० | ० | २३,९८,४२८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | १०,३०,३९,४१३ | ० | २९,८१,५४३ | १०,००,५७,८७० | ० | २४,८७,१०३ | १०,२५,४४,९७३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रतिक्रियाबाट सम्परीक्षण | | | | |
| १ | २०८१/८२ | ४२ | सेसन बढी भुक्तानी | १४,२८० |
| २ | २०८१/८२ | ५७ | मूल्य अभिवृद्धि कर कट्टी | ९७,८३७ |
| ३ | २०८१/८२ | ३३ | बैठक भत्तामा बढी भुक्तानी | २,५५० |
| ४ | २०८१/८२ | ३२ | बैठक भत्ता | ४९,३०० |
| ५ | २०८१/८२ | ४० | बढी ग्रेड भुक्तानी | २३,५३२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८१/८२ | ४३ | पाठ्यपुस्तक रकम बढी निकासा | २७,७४५ |
| जम्मा | | | | **२,१५,२४४** |
| **गत विगत वर्षको सम्परीक्षण** | | | | |
| १ | २०८०/८१ | २० | स्वकिय सचिवः | ८,७९,२१६ |
| २ | २०८०/८१ | ४३ | स्थानीय पाठ्यक्रम छपाईः | २९,०४५ |
| ३ | २०८०/८१ | ८२ | रित पूर्वकको कर वीजक | ९६,३९१ |
| ४ | २०८०/८१ | ७४ | यातायात खर्च | १३,६५,००० |
| ५ | २०८०/८१ | ९१ | बढी परिमाणमा भुक्तानी | १,०५,५०३ |
| ६ | २०८०/८१ | ४९ | निशुल्क पाठ्यपुस्तक | ४६,०९९ |
| ७ | २०८०/८१ | ९१ | दिवा खाजामा बढी निकासा | ८३,५७१ |
| ८ | २०८०/८१ | १०३.२ | आय ठेक्का | ९१,००० |
| ९ | २०७८/७९ | ५२ | बढी भुक्तानी | २,८५,७१८ |
| **जम्मा** | | | | **२९,८१,५४३** |
| **कूल जम्मा** | | | | **३१,९६,७८७** |

# पंचदेवल विनायक नगरपालिका, अछाम

# ( ८०७७२४०२३०० )

# पंचदेवल विनायक नगरपालिका , अछाम

# परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । २७४८५ जनसंख्या रहेको यस नगरपालिकामा ९ वडा, ४९ सभा सदस्य र १४७.७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।९ देखि २०८२।५। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - नगरपालिकाको आय व्ययतर्फ रू.१ अर्ब २८ करोड ५९ लाख ४५ हजार ९१० को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१०६१०४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि नं | बैंकको नाम | दाखिला मिति | भौचर नं. | प्रयोजन | रकम |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१७ | ८६३७१०६२ | जाल्पेश्वरी मा वि, पाठ्यपुस्तक बढी निकासा | ६६३२ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१९ | ८६४७७०९४ | जाल्पा आ वि, पाठ्यपुस्तक बढी निकासा | १६५८ |
| ३ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६११७६४९ | हसुल्ला आ वि, पाठ्यपुस्तक बढी निकासा | १११४ |
| ४ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६११८०१२ | चण्डिका मा वि, छात्रवृत्ति बढी निकासा | १६०० |
| ५ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६११८०१४ | नवज्योती मा वि, छात्रवृत्ति बढी निकासा | १६०० |
| ६ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६११८०१३ | धनवन्तरी मा वि, छात्रवृत्ति बढी निकासा | १२०० |
| ७ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१३ | ७९७१२२१८५ | बढी भुक्तानी बेरुजु दाखिला | १२२५० |
| ८ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२७ | ८६६५९६०० | सामाजिक सुरक्षा भत्ता बेरुजु असूली | २३०५० |
| ९ | माछापुच्छ्रे बैक | २०८२।५।१२ | ७९७१२२१७३ | भवानी मावि पुल्ने तोलाका शिक्षक धिरेन्द्र बहादुर बठायतलाई बढी भुक्तानी असुली | ३९००० |
| १० | माछापुच्छ्रे बैक | २०८२।५।३१ | ७९७१२२२०३ | चण्डिका माविका शिक्षक प्रेम सिंह आउजीको नपाउने भत्ता असुली | १८००० |
| जम्मा | | | | | १०६१०४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | रकम | जम्मा रकम | सि.नं. | शीर्षक | रकम | जम्मा रू. |
| १ | गत वर्षको जिम्मेवारी | | ३३२१५००५ | १ | चालु खर्च | ३५०७२०६२६ | ३५०७२०६२६ |
| | सञ्चित कोष | २४५२११०८ | | २ | पुँजीगत खर्च | ९२८११५५१ | ९२८११५५१ |
| | धरौटी खाता | ५४३३६५४ | | ३ | वितिय व्यवस्थापन | ० | |
| | प्रकोप व्यवस्थापन खाता | १०२३११४ | | ४ | धरौटी खर्च खाता | २४०६९४१ | २४०६९४१ |
| | विविध कोष खाता | ६०८७५० | | ५ | कोष खर्च | ० | १३४३६२३ |
| | विविध खर्च खाता | ८९३३७९ | | | विविध कोष | ० | |
| | स्थानीय तह आकास्मिक कोष खाता | ४५५००० | | | प्रकोप व्यवस्थापन कोष खाता | ५४७८०० | |
| | विभाज्य कोष खाता | २८०००० | | | विविध खर्च खाता | ५१५८२३ | |
| २ | यस वर्षको धरौटी आम्दानी | २५५३९२२ | २५५३९२२ | | विभाज्य कोष खाता | २८०००० | |
| ३ | आन्तरिक राजस्व आम्दानी | | १११७१८१२२ | ६ | अन्तर सरकारी अख्तियारी | | १५०४२१७३१ |
| | आन्तरिक राजश्व | ८११७८७३ | | | सामाजिक सुरक्षा तथा संरक्षण | १२३३१५८१८ | |
| | राजस्व बाडफाड प्रदेश | ५३६२७५४ | | | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार कार्यक्रम | ६२३३९६६ | |
| | राजस्व बाँडफाँड संघ | ९८२३७४९५ | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८०५००० | |
| ४ | संघीय सरकार बाट प्राप्त अनुदान | | ३५३५९००१३ | | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २००६६९४७ | |
| | संघीय सरकारवाट अनुदान प्राप्त | ८४६०२७२० | | | विद्यालय शिक्षा कार्यक्रम | ० | |
| | शसर्त अनुदान चालु | २६०२४३००० | | ७ | संघीय सरकार फिर्ता | ३९२३३१३० | ३९२३३१३० |
| | शसर्त अनुदान पुजीगत | १०००००० | | ८ | प्रदेश सरकार फिर्ता | २८७४८५५ | २८७४८५५ |
| | समपुरक अनुदान पुँजीगत | ७७४४२९३ | | ९ | मौज्दात | | ३९५३६००१ |
| | विशेष अनुदान पुँजीगत | ० | | | सञ्चित कोष खाता | २८३८१०८१ | |
| | विशेष अनुदान चालु | ० | | | आन्तरिक राजश्व खाता | ० | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २४१९२००० | | धरौटी खाता | ५५८०६३५ | |
| | वित्तीय समानिकरण अनुदान | ८०४२००० | | | विविध कोष खाता | ६०८७५० | |
| | शसर्त अनुदान चालु | ५५०००० | | | प्रकोप व्यवस्थापन कोष खाता | ४७५३१४ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शसर्त अनुदान पुँजीगत | ६८००००० | | | विविध खर्च खाता | ४०३५२२१ | |
| | विशेष अनुदान चालु | ५५००००० | | | चालु खर्च खाता | ० | |
| | समपुरक अनुदान पुँजीगत | ३३००००० | | | पुँजीगत खर्च खाता | ० | |
| ६ | विभिन्न कोष तर्फको आय | | ३६५७६६५ | | आन्तरिक अनुदान खाता | ० | |
| | विविध कोष | ० | | | बाडफाड बाट प्राप्त राजश्व खाता | ० | |
| | प्रकोप व्यवस्थापन खाता | ० | | | स्थानीय तह आकास्मिक कोष खाता | ४५५००० | |
| | विविध खर्च खाता | ३६५७६६५ | | | | | |
| | विभाज्य कोष खाता | ० | | | | | |
| ७ | अन्तर सरकारी अख्तियारी | | १५०४२१७३१ | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १२३३१५८१८ | | | | | |
| | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार कार्यक्रम | ६२३३९६६ | | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८०५००० | | | | | |
| | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २००६६९४७ | | | | | |
| | विधालय शिक्षा कार्यक्रम | ० | | | | | |
| | कुल जम्मा | | ६७९३४८४५८ | | कुल जम्मा | | ६७९३४८४५८ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **फरक हिसाब**

पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्तिमा रू.१९६२८०२८०।०० र यस वर्षको भुक्तानीमा रू.१९६२८०२८०।०० फरक परेको छ। SuTRA मा CGAS तर्फको निकासा तथा खर्चको अभिलेखांकन नभएको कारण फरक परेको हुँदा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७० ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| SuTRA अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३३२१५००५।२६ | ४४९८५३१७२।६७ | ४४३५३२१७६।९६ | ३९५३६०००।९७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३३२१५००५।२६ | ६४६१३३४५२।८५ | ६३९८१२४५७।१४ | ३९५३६०००।९७ |
| फरक | ० | १९६२८०२८० | १९६२८०२८० | ० |

४ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ। स्वीकृत लेखा ढाँचामा देहायको विवरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान विवरण २१२, भुक्तानी दिन बाँकीको विवरण-२२१, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर/ कार्यक्रम संसोधनको विवरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको विवरण, परिवर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन। स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन्

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

• दीगो विकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य नभएको,

• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्ने वडालाइ आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गरी जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाउने नगरेको,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली नवनाएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्वन्धमा एकिन गर्न नसकिएको,

• साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार नगरेको,

• भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,

• राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको नदेखिएको,

• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन नगरेको,

• सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने नगरेको,

• खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको,

• सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० दफा ७ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु नगरेको,

• इन्धनको विवरण प्रविष्ट सम्पत्ति व्यवस्थापन प्रणाली PAMS V२ मार्फत नगरेको,

• कर्मचारी कल्याण कोष स्थापना नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

## ६ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.८११७८७३।00 राजस्व बाँडफाँड र अनुदानबाट रू.४५७१९०२६१।00 समेत रू.४६५३०८१३५।०० आम्दानी भएकोमा चालु तर्फ रू.३५०७२०६२६।०० र पुँजीगततर्फ रू.९२८११५५१।०० समेत रू.४४३५३२१७७।०० खर्च भएकोमा खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू.११६४०३८६।०० खर्च भएको छ जुन आन्तरिक आयको १४३.३९ प्रतिशत हुन आँउछ । पालिकाको कुल खर्च मध्ये ७९.०७ प्रतिशत चालु र २०.९३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिएकोले विकास निर्माणका काममा न्यून र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

## ७ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था बमोजिम पालिकाले नगरसभाबाट विभिन्न ४५ योजनाबाट रु१ करोड ५२ लाख २६ हजार रकम घटाएर नयाँ ५८ योजनामा रू. १ करोड ४७ लाख २६ हजारको कार्यक्रम संसोधन मार्फत रकमान्तर गरेको छ। असारमा बजेट तथा कार्यक्रम बनाउँदा पर्याप्त गृहकार्य नगर्दा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ। बजेट तथा कार्यक्रम तर्जुमालाई यथार्थपरक बनाई वित्तीय सुशासन कायम गर्नुपर्दछ।

## ८ कार्यक्रमगत प्रगती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको धेरै कार्यक्रममा शुन्य प्रगति गरेको छ। पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ। पालिकाले यस वर्ष तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | मौराखोला रिम विनायक - दोबाटा खानेपानी निर्माण | ७०००००. | ० |
| २ | मौराखोला रिम विनायक - दोबाटा खानेपानी निर्माण | ३०००००. | ० |
| ३ | नगरपालिका खेलकुद मैदान निर्माण | १९८०००. | ० |
| ४ | नगरपालिका प्रशासनिक भवनको घेरापर्खाल तथा फिल्ड कटिङग | ४२५०००. | ० |
| ५ | नगरपालिका खेलकुद मैदान निर्माण | १७६९६२.१८ | ० |
| ६ | नगरपालिका खेलकुद मैदान निर्माण | ४५०२५०. | ० |

## ९ योजना छनौट तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा अत्याधिक मात्रामा बजेट छुट्याएकोले साना तथा टुक्रे योजनामा सिमित मात्रामा वजेट विनियोजन गरी

दीर्घकालिन उपलव्धी हाँसिल हुने, सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट लाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष कार्यान्वयन भएका योजनाहरु निम्नानुसार रहेका छन।

| क्र.सं. | विवरण | योजना संख्या | खर्च रकम रु हजारमा |
|---|---|---|---|
| १ | रू. १ लाख भन्दा कमका योजना | ६ | ३०० |
| २ | रू. १ लाख देखि ३ लाख सम्मका योजना | १२१ | २४०९४ |
| ३ | रू. ३ लाख देखि ५ लाख सम्मका योजना | १६ | ६७५३ |
| ४ | रू. ५ लाख देखि १० लाख सम्मका योजना | १९ | १६६७५ |
| ५ | रू. १० लाख देखि २५ लाख सम्मका योजना | ९ | १६५०० |
| ६ | रू. २५ लाख भन्दा माथिका | ९ | ५५२८५ |
| | **जम्मा** | १८० | ११९६०७ |

## १० **बजेट अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले रु.५४ करोड ६० लाख ५० हजारको बजेट २०८१।३।१० गते सभा समक्ष पेश गरेकोमा २०८१।३।१० मा पारित भएको छ र स्थानीय तहका प्रमुखले २०८१।७।१२ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था वमोजिम समयमा नै खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ।

## ११ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने रआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेकोमा गत आर्थिक वर्षको रू.७५६०९७६।०० कार्यपालिकाबाट बजेट सभामा पेश गरी भुक्तानी दिएको विवरण पेश गरेको छ। आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेकोले ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने र कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## १२ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष कुल पुँजीगत खर्च रू.९ करोड २८ लाख ११ हजारमध्ये चौथो त्रैमासिकमा रू.६ करोड ६६ लाख ३४ हजार ( ५५.७१ प्रतिशत) र असार महिनामा मात्र रू.५ करोड ८९ लाख (४९.३२ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने हुँदा स्वीकृत कार्यक्रम अनुसार समयमै पूँजीगत खर्च गर्नुपर्दछ।

| पुँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रू. हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| विभिन्न पुंजिगत | ९२८११ | ० | ७८०० | १८३७७ | ६६६३४ | ५८९०० |
| खर्च प्रतिशत | १०० | ० | ६.२५ | १५.३६ | ५५.७१ | ४९.३२ |

## १३ क्षेत्रगत बजेट तथा खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८१६६००० | ६९१२१०९ | ८४.६४ |
| २ | सामाजिक विकास | ३१४८०३००० | २६६६०८०६४ | ८४.६९ |
| ३ | पूर्वाधार विकास | ९५९०१०५८ | ७१३२७३३० | ७४.३८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३००९००० | २६६४३०२ | ७८.९८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२४१७१२०० | ९६०२०३७१ | ७७.३३ |
| कुल जम्मा | | ५४६०५०२५८ | ४४३५३२१७६ | ८१.२२ |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ८४.६४ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८४.६९ प्रतिशत, पूर्वाधारतर्फ ७४.३८ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रतर्फ ७८.९८ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ७७.३३ प्रतिशतले खर्च गरेको छ। क्षेत्रगतरुपमा विनियोजित बजेट भन्दा कम प्रगति रहेकोले विनियोजित बजेट अनुरुप कार्य सम्पादन गर्नको लागि आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

## १४ मध्यमकालीन खर्च संरचना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामि तिन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा यस वर्ष मध्यमकालिन खर्च संरचना तयार गरेको छैन।पालिकाको आवधिक योजनाको समिक्षा गरी मध्यम अवधिको रणनीति तय गर्नुपर्ने तथा मध्यकालिन खर्च संरचनाका आधारमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

## १५ अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची-६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले यस वर्ष अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च शीर्षकमा रू. २३ लाख ४२ हजार खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्धेश्यमा कार्यालयको कामकाज मात्र उल्लेख गर्ने गरेको र अनुगमन तथा भ्रमण प्रतिवेदन राखेको छैन। भ्रमण विल भुक्तानी गर्दा भ्रमणको उद्देश्य पुरा भए नभएको सम्बन्धमा यकिन गरी भ्रमण प्रतिवेदन तयार भएपश्चात मात्र भुक्तानी गर्नुपर्दछ।

## १६ मसलन्द तथा कार्यालय सामान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले वडातर्फ कार्यालय सामानको लागि रू.२७००००० ।०० र पालिका तर्फ रु.२००००००।००

गरी जम्मा रू.४७०००००।०० विनियोजन गरेकोमा रू.४६११९४०।०० खर्च भएको पाइयो । खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ।

| सि.नं. | शीर्षक | कार्यालय | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | मसलन्द तथा कार्यालय समान | पालिकातर्फ | २०००००० | १९११९४० |
| २ | मसलन्द तथा कार्यालय समान | वडा नं १ | ३००००० | ३००००० |
| ३ | मसलन्द तथा कार्यालय समान | वडा नं २ | ३००००० | ३००००० |
| ४ | मसलन्द तथा कार्यालय समान | वडा नं ३ | ३००००० | ३००००० |
| ५ | मसलन्द तथा कार्यालय समान | वडा नं ४ | ३००००० | ३००००० |
| ६ | मसलन्द तथा कार्यालय समान | वडा नं ५ | ३००००० | ३००००० |
| ७ | मसलन्द तथा कार्यालय समान | वडा नं ६ | ३००००० | ३००००० |
| ८ | मसलन्द तथा कार्यालय समान | वडा नं ७ | ३००००० | ३००००० |
| ९ | मसलन्द तथा कार्यालय समान | वडा नं ८ | ३००००० | ३००००० |
| जम्मा | | | | ४६११९४० |

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा यो बर्षको रू.२५६०९१०।०० सभाबाट बजेटमा समावेश गरि खर्च लेखेको छ जुन यस बर्षको आन्तरिक आयको ३१.५४ प्रतिशत हुन्छ। पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा खर्च गर्दा थप आर्थिक व्ययभार परेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१८ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा औषधि उपचार सहायता शीर्षकवाट रू.१८७५०००।०० आर्थिक सहायता वितरण गरेकोमा आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था एकिन नगरेको देखियो। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१९ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने र सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्नेमा पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र

मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी एम्बुलेन्स १, मोटरसाईकल २०, चार पाङग्रे सवारी साधन १, टिपर १, एक्साभेटर १ समेतको मर्मतमा रू.२९७७१३३।०० खर्च लेखेको छ। नियमको पालना कार्यान्वियन गर्नुपर्दछ ।

| सि.नं. | सवारीको विवरण | सवारी संख्या | मर्मत खर्च |
|---|---|---|---|
| १ | डोजर | १ | ४६०३३३ |
| २ | टिपर | १ | ५२८४०६ |
| ३ | चारपांग्रे सवारी | १ | ७००००० |
| ४ | मोटरसाइकल | २० | ९९०५८९ |
| ५ | एम्बुलेन्स | १ | २९७८०५ |
| जम्मा | | | २९७७१३३ |

## २० इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं. ९०५ र PAMS मा समेत अभिलेख नराखी देहाय अनुसारका सवारीलाई यस वर्ष रू.३३८५०९९।०० खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

| **इन्धन खर्च किसिम** | **प्रयोग गर्ने सवारीको संख्या** | **खर्च रकम** |
|---|---|---|
| इन्धन पदाधिकारी | पदाधिकारी ११ जनामा १ वटा चारपांग्र र १० वटा मोटरसाइकल | १२८८०८६ |
| इन्धन कार्यालय प्रयोजन | एम्बुलेन्स १ वटा | ४५१७२९ |
| इन्धन कार्यालय प्रयोजन | कार्यालय प्रयोजनका मोटरसाइकल | ९८२९७८ |
| टिपर इन्धन | टिपर १ वटा | ३७४७९४ |
| इन्धन अतिथिसत्कार | विभिन्न | २८७५१२ |
| जम्मा | | ३३८५०९९ |

उपरोक्त तालिकामा उल्लेख भएको मध्ये इन्धन अतिथिसत्कारमा पालिकाले यस वर्ष रु.२८७५१२।०० खर्च गरेकोमा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ तथा खर्च सम्बन्धी मापदण्डमा सो प्रयोजनको लागि खर्च गर्न पाउने कानुनी आधार नभएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,८७,५१२ |

## २१ शिक्षक अनुदान

अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल पहाड तथा तराईका विद्यालयहरुमा तोकिएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान गर्नुपर्ने, शिक्षक दरवन्दी अपुग भएमा जिल्लामा पुल दरवन्दीमा रहेका अन्य स्थानीय तहवाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेशभित्रका जिल्लाका पुल दरवन्दीवाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले गत विगत वर्षमा दरवन्दी मिलानका उल्लेखित प्रक्रियावाट विद्यार्थी अनुपातका आधारमा आवश्यकता अनुसार संघिय सरकारवाट प्राप्त दरवन्दी भन्दा करारवाट थप शिक्षक

पदपुर्ती गरी पालिकास्तरवाट नै तलवभत्ता उपलव्ध गराउने गरी विभिन्न ५० विधालयमा १०४ जना शिक्षक नियुक्त गरी चाडपर्व खर्च समेत रू.२८५७४३८३।०० वित्तिय हस्तान्तरको समानिकरण शीर्षकवाट निकासा गरेको छ। पालिकाको आन्तरिक आय रू. ८१ लाख १७ हजार मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलव भत्ता खर्च लेख्नु उचित देखिदैंन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरवन्दि मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

२२ **करार सेवा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई आदि लगायतका पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख भएकोमा २०८१ श्रावण महिनाको तलवि भरपाई अनुसार यस वर्ष इन्जिनियर १, सव इन्जिनियर १, असिस्टेन्ट सव इन्जिनियर २, अमिन १, पोषण सहायक १, खेलकुद सहायक १, वातावरण सरसफाइ सहायक १, पशु स्वास्थ्य प्राविधिक ३, उद्धम विकास सहायक १ र सहायक कम्प्युटर अपरेटर ८ गरि जम्मा २० जना कर्मचारी करारमा राखि वार्षिक रू.१०३९७८४४।०० खर्च लेखेको छ । स्वीकृत दरवन्दीमा प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरी स्थायी पदपुर्ती गर्नुपर्दछ।

माथि उल्लेखित करार कर्मचारीहरु मध्ये दरबन्दी बेगर देहाय बमोजिमका पदमा सेवा करारमा राखी रु.११८२२१६।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

| सि.नं. | पद | तह | संख्या | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | नेत्र सहायक | पाँचौ | १ | ४६१४९० |
| २ | अप्टिकल डिस्पेन्सर | चौथो | १ | ४३७७२६ |
| ३ | खेलकुद सहायक | | १ | २८३००० |
| जम्मा | | | | ११८२२१६ |

| | |
|---|---|
| अनियमित भएको | ११,८२,२१६ |

२३ **खेलकुद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट वजेट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विनियोजित रकमवाट वडा, नगरपालिका र जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा रू.२२९५०००।00 रकम खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदि खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन। कार्यक्रममा खरिद गरिएको विभिन्न खेलकुद सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन भने वडास्तरमा समेत सोहि प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामाग्रीको खरिदमा मितव्ययितता र पुन प्रयोगको लागि व्यवस्थापन गरेको छैन। पालिकाको आन्तरिक आय ८१ लाख १७ हजार मात्र रहेकोमा एकै कार्यक्रममा करिव २५ लाख खर्च गरेकोमा खर्चको नर्म्स तथा मापदण्ड स्वीकृत नगरी खर्च गरेकोले यसप्रकार कार्यक्रमको नर्म्स तथा खर्चको मापदण्ड वनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२४ **घर भाडा**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद-९ मा सार्वजनिक निकायले घरजग्गा भाडामा लिने सम्वन्धमा व्यवस्था रहेको छ।सोहि व्यवस्था अनुसार सार्वजनिक निकायले वार्षिक ५ लाख भन्दा वढी रकमको घरजग्गा भाडामा लिँदा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको घरभाडा निर्धारण समितीको सिफारीसमा घरभाडा सम्झौता गरी भाडामा लिनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले

यस वर्ष विभिन्न ९ व्यक्तिसंग घरभाडा सम्झौता गरी वार्षिक रू.१७०००००।00 घरभाडा वापत खर्च गरेको छ। प्रशासकिय भवनको अभावमा घरभाडामा वार्षिक ठुलो रकम खर्च हुँदै आएको छ । सेवा प्रवाह प्रभावकारी हुन नसकेको, विषयगत शाखाहरुको समन्वयमा समेत समस्या हुने गरेकोमा लेखापरीक्षण अवधिमा पालिकाले प्रशासकिय भवन निर्माण सपन्न गरी सो भवनवाट सेवा प्रवाह गरेको देखिन्छ। घर भाडा सम्झौता गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२५ **सम्पत्ति व्यवस्थापन प्रणाली**

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१।८२ बाट पुरानो सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) बाट नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली PAMS-V२ कार्यान्वियन गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले आर्थिक वर्ष २०८०।८१ को मौज्दात रु. १,३१,२८,२०७। मूल्य बराबरका जिन्सी सामाग्रीहरू नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) मा प्रविष्ट गरेको पाइएन। महालेखा नियन्त्रक कार्यालयको नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) कार्यान्वियन गर्नुपर्दछ।

२६ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म १६ऐन, ३ वटा नियमावली, २ निर्देशिका, २३ कार्यविधि र ७ नीति।संहिता।मापदण्ड आदि समेत ५१ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वियन गर्नुपर्दछ।

२७ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको जिम्मेवारी २ यो बर्ष दर्ता ४ समेत ६ उजुरी दर्ता भएकोमा यस वर्ष २ वटा फछ्र्यौट भई ४ वटा मुद्दा फछ्र्यौट गर्न बाँकी देखिएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौट गरी कारवाहीको टुङ्गो लगाउनुपर्छ ।

२८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र संचालित सहकारी संस्थाको विवरण उपलव्ध नभएकोले कति संख्यामा संचालित छन् एकिन भएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२९ **अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३० **अनुत्पादक तथा वितरणमुखी खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहायबमोजिमका अनुत्पादक तथा वितरणमुखि क्षेत्रमा खर्च गरेको देखिन्छ।

पालिकाको आन्तरिक आय ८१ लाख १७ हजार मात्र रहेकोमा विकास निर्माण कार्यको लागि आउने वित्तिय हस्तान्तरणको रकमलाई यसप्रकार वितरणमुखी प्रयोजनमा खर्च गर्नु उचित देखिदैन। तसर्थ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **गो.भौ.नं.** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|
| २०९ | मष्टामाण्डौ वाल्यमाण्डौ पर्व व्यवस्थापन | ११९७३० |
| ५०२ | वालवालिकासँग वडा अध्यक्ष कार्यक्रम (न्यानो लुगा वितरण) | १५०००० |

३१ **सवारी साधन भाडा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था साथै आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था रहेको छ। नमुना छनौट विधिवाट परीक्षण गर्दा कार्यालयलले विभिन्न अवधिमा पटक पटक गरी सवारी साधन भाडामा लिई प्रयोग गर्दा केहीमा स्पष्ट प्रयोजन नखुलाई गाडी भाडामा लिने र प्रयोजन खुलाइएकोमा पनि पुष्ट्याइ हुने प्रमाण कागजात संलग्न नगरी केबल गाडी धनिसंग सम्झौताको आधारमा गाडी भाडामा लिएको पाइएकोले नियमावलीमा भएको व्यवस्थालाई अनुशरण गर्दै खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| गो.भौ.नं. | अवधि | विवरण | सवारी साधन नं | स्थान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २५३ | २०८१।९।२० | कार्यालय प्रयोजन | प्र ३-०१-०२३ च ९०७२ | विनायक देखि मंगलसेन | ८००० | स्पष्ट प्रयोजन नखुलाइएको |
| | २०८१।९।२१ | कार्यालय प्रयोजन | प्र ३-०१-०२३ च ९०७२ | मंगलसेन देखि सुर्खेत | २०००० | ,, |
| ३२४ | २०८२।१।४ | रामारोशसन आवत जावत | प्र ३-०१-०२३ च ९०७२ | विनायक देखि रामारोशन | २२००० | जानु पर्ने करण र आदेश संलग्न नभएको |
| | २०८१।१।१० देखि १३ सम्म | प्रदेश अनुसन्धान प्रतिष्ठानको कार्यक्रमा सहभागी हुन | प्र ३-०१-०२३ च ९०७२ | विनायक देखि धनगढी | २७००० | कार्यक्रमा उपस्थित हुने आदेश संलग्न नभएको |
| ५३४ | २०८२।२।३० देखि ३।५ सम्म | कार्यालय प्रयोजन | प्र ३-०१-०२३ च ९०७२ | मंगलसेन देखि दैलेख | ७०००० | स्पष्ट प्रयोजन नखुलाइएको |
| | २०८२।२।२३ | प्रहरी वसारपसार | प्र ३-०१-०२३ च ९०७२ | बराला देखि मैगलसेन | २५००० | के कामको लागि खुल्ने प्रमाण पेश नभएको |

३२ **बैठक भत्ता**

सुदूरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूची-१(क) मा पदाधिकारी तथा सदस्यले एक महिनामा बढीमा २ वटा बैठक सम्मको प्रति बैठक रु १००० र यातायात भत्ता ५०० पाउने उल्लेख छ। यस वर्ष देहाय बमोजिमका पदाधिकारी तथा सदस्यलाई ऐनले तोके भन्दा बढी हुने गरी बैठक भत्ता भुक्तानी गरेको उक्त रकम असुल हुनुपर्ने रू.

| क्र.सं. | वडा नं. | नाम थर | पद | वडा बैठक | का पा बैठक | जम्मा बैठक | पाउने सुविधा २४ बैठक | बढी बैठक | बैठक दर | जम्मा बढी रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | कृपा बहादुर धामी | वडा अध्यक्ष | २१ | ९ | ३० | २४ | ६ | १००० | ५१०० |
| २ | ५ | हेम बहादुर शाही | वडा अध्यक्ष | १७ | १० | २७ | २४ | ३ | १००० | २५५० |
| ३ | ९ | राम प्रसाद जैसि | वडा अध्यक्ष | २२ | ९ | ३१ | २४ | ७ | १००० | ५९५० |
| ४ | ४ | बेला सिजापति | का पा सदस्य | २४ | ७ | ३१ | २४ | ७ | १००० | ५९५० |
| ५ | ७ | नन्नकला वि क | का पा सदस्य | २४ | १० | ३४ | २४ | १० | १००० | ८५०० |
| ६ | ९ | हिपुरि कामी | का पा सदस्य | २२ | ५ | २७ | २४ | ३ | १००० | २५५० |
| **जम्मा** | | | | | | | | | | **३०६००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

३३ **बैठक भत्तामा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३४ **अनुपस्थितिमा सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (घ) मा वडा सदस्यहरूको काम, कर्तव्य र अधिकार के के हुने र वडा समितिको बैठकमा सहभागी भई निर्णय प्रक्रियामा भूमिका रहने साथै सात दिन भन्दा बढी अनुपस्थित भएमा पालिका प्रमुख (नगर प्रमुख/अध्यक्ष) लाइ जानकारी गराउने कानुनी व्यवस्था रहेकोमा देहायका वडा सदस्यहरु बर्षै भरी विना जानकारी बैठकमा उपस्थित नभएकोले उक्त अवधिमा सेवा सुविधा भुक्तान गरेको देखिदा उपस्थित नहुनाका कारण पेश हुनुपर्दछ ।

| **सि.नं.** | **नाम थर** | **वडा नं.** | **वार्षिक सुविधा भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सम्पत्ती वि क | वडा नं ६ का वडा सदस्य | १३२००० | वडाको वार्षिक २० वटा बैठक भएकोमा कुनै पनि बैठकमा उपस्थिति नभएको । |
| २ | राम बहादुर शाही | वडा नं ५ का वडा सदस्य | १३२००० | वडाको वार्षिक १७ वटा बैठक भएकोमा कुनै पनि बैठकमा उपस्थिति नभएको । |
| ३ | अशोक कुमार साउद | वडा नं ९ का वडा सदस्य | १३२००० | वडाको वार्षिक २२ वटा बैठक भएकोमा कुनै पनि बैठकमा उपस्थिति नभएको । |
| जम्मा | | | ३९६००० | |

३५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्न विल भरपाई संलग्न गर्नुपर्ने तथा उक्त खर्चको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। भौ.नं ३०-२०८१।८।१५ वाट पालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत श्री पदम बहादुर माझीको श्रावण देखि मंसिर सम्मको तलबी भरपाई अनुसार तलब भत्ता र चाडपर्व समेत रू.४१६४८०।०० खर्च लेखेको देखिन्छ । निजको मिति २०८१।६।८ को रमाना पत्रमा २०८१ श्रावण देखि कार्तिक मसान्त सम्म मात्र तलब भत्ता भुक्तानी भएको देखाइएको हुँदा निजलाई तलब बापत बढी भुक्तानी भएको रू.५८०७५।०० असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ५८,०७५ |
|---|---|

३६ **सीप तथा क्षमता विकास तालिम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशका, २०७५ अन्तर्गत कार्यस्थलमा आधारित सीप तथा क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमका लागि पालिका र श्री कान्तिपुर पश्चिमाञ्चल टेक्निकल कलेजबीच मिति ०८१।१२।२७ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।०९।२८ मा रू. ८६००००।00 को सम्झौता भएकोमा श्री कान्तिपुर पश्चिमाञ्चल टेक्निकल कलेजले पेश गरेको अन्तिम प्रतिवेदनमा आर्थिक प्रस्ताव वमोजिमका Key expert र Non Key expert द्धारा प्रशिक्षण नदिई नयाँ प्रशिक्षकद्धारा प्रशिक्षण दिएकोमा खर्च भुक्तानी माग गरेकोमा कार्यपालिकाको २०८१।११।११ को निर्णयले रू.२३५८००।०० भुक्तानी दिएको पाइयो। प्रस्तावित Key expert द्धारा प्रशिक्षण नदिएको हुनाले तालिमको प्रभावकारिता यकिन गर्न नसकिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ८,६०,००० |
|---|---|

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहले विभिन्न वडाहरुमा बाटो निर्माण लगायतका १३ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८४ जनालाई औषत १०० दिनका दरले रोजगारी उपलब्ध गराई कुल ज्याला रू. ५४ लाख ८६ हजार खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

३८ **बरबुझारथ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले कार्यालय छोडी अन्यत्र जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मा रहेको जिन्सी मालसामान कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको तत्कालीन निमित्त प्रमुख प्रशासकिय अधिकृत पदम बहादुर माझीले मिति २०८१।८।६ मा पालिकाबाट रमाना लिई अन्यत्र जाँदा कार्यालयवाट वुझिलिएका देहाय बमोजिमको जिन्सी सामान बरबुझारथ नगरेकोले निज जिम्मा रहेका उक्त जिन्सी सामान उक्त नियमको उपनियम ४ बमोजिम फिर्ता हुनुपर्ने अन्यथा सोको खरिद मूल्य बराबरको रकम यकिन गरी असुल हुनुपर्ने रू.

| सि.नं. | विवरण | खरिद मिति | परल मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | मोबाइल Reno-3 6GB/128GB | नखुलेको | ४५७०० | फिर्ता नभएको |
| २ | मोबाइल | नखुलेको | २३००० | फिर्ता नभएको |
| ३ | इन्भटर, व्याट्री, Acer A15-15 Laptop, Conon Printer, Coat hanger, Solar panel, Table fan, Computer Table, Gas chulo set, E-Catli, Speaker Soundbox 1ft. Black | नखुलेको | नखुलेको | फिर्ता नभएको |
| | जम्मा | | ६८७०० | |

| प्रमाण पेश नगरेको | ६८,७०० |
|---|---|

३९ **बहुक्षेत्रीय पोषण कार्यक्रम**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को ७ (२) मा लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चितता कार्यालयले गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यविधि अनुसार सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागी आयआर्जन अनुदान वापत २५ जना महिलालाई प्रति व्यक्ति रु. २५०००।०० का दरले गो.भौ.नं. २८८।०३।२३ वाट रु. ६२५०००।०० अनुदान उपलव्ध गराएकोमा कार्यविधि बमोजिम उक्त अनुदानको उपयोग सम्वन्धमा कार्यालयवाट अनुगमन नभएकोले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४० **बढी ग्रेड भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२३,५३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४१ **किसान सूचीकरण**

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अनुसार किसान पहिचान, सूचीकरण, वर्गीकरण तथा परीचय पत्र जारी गर्ने सम्वन्धी कार्य मन्त्रालयको वेभमा आधारीत रही स्थानीय तहमा कार्यान्वयन हुने व्यवस्था बमोजिम पालिकामा आर्थिक वर्ष २०७८।७९, २०७९।८० र २०८०।८१ मा किसान सुचीकरण गर्ने कार्य भएकोमा आर्थिक वर्ष ०८१।८२ मा समेत किसान

सूचीकरणकै कार्य भइरहेकोले निर्देशिकाको परिच्छेद-३ बमोजिम वर्गीकरण र परीचय पत्र जारी कार्यलाई सम्पन्न गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ।

४२ **सेसन बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-५** को निर्णयले रू **१४,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **पाठ्यपुस्तक रकम बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **१,५०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **२५,११९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **१,११८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **नि:शुल्क सेनिटरी प्याड**

गो.भौ.नं.(२३१।२०८२।३।१२) कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्ययनरत सबै छात्राका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थाका लागि पालिकाले पालिका अन्तर्गतका विद्यालयहरू मार्फत तोकिएका कक्षाका छात्राहरूको संख्या यकिन गरी तोकिएको मापदण्डअनुसारको सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था छ। यस वर्ष पालिकाले E-Bidding प्रक्रियाबाट १९८००० पिस (२४७५० थान) स्यानिटरी प्याड A.G. Health Industries Pvt. Ltd. बाट खरिद गरी दाखिला गरेकोमा २९५३६० पिस स्यानिटरी प्याड वितरण भर्पाइ गरेको देखिन्छ। पुरानो मौज्दात सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा शुन्य भएकोले गत आर्थिक वर्षमा वास्तवमा कति स्यानिटरि प्याड मौज्दात रहेको भन्ने यकिन गर्न सकिएन। पालिकाले वास्तविक जिन्सी अनुसार प्रणाली (PAMS V२)मा व्यवस्थित गर्नुपर्दछ। मौज्दात अद्यावधिक नराख्नाले म्याद गुज्रेका स्यानिटरी प्याड वितरण हुन सक्ने जोखिम समेत हुने हुँदा प्रणाली र वास्तविक मौज्दात अद्यावधिक गरी विद्यालयको माग अनुसार मात्र खर्च निकासा गर्नुपर्दछ।

४५ **दिवा खाजा अनुगमन**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ को उपक्रियाकलाप (ट) मा विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था रहेकोमा पालिकाबाट यस वर्ष विभिन्न विद्यालयलाई निकासा भएको दिवा खाजा रकम रू.८९२३२१५।०० को सम्बन्धमा निरीक्षण अनुगमन भएको नदेखिएकोले संघीय सरकारबाट प्राप्त शसर्त अनुदानको सदुपयोग भए नभएको निरीक्षण अनुगमन गरी दिवा खाजा सम्बन्धी विभिन्न कार्यविधिहरूको पूर्ण परिपालनाको सुनिश्चित गरी विद्यार्थीहरूलाई ताजा र पोषिलो दिवा खाजा उपलब्ध गराउने वातावरण निर्माण गर्न अनुगमण कार्य गर्नुपर्दछ।

४६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख भएकोमा यो वर्ष पालिकाले नया भवनमा अफिस सर्दा तत्काल आवश्यक पर्ने फर्निचरका सामान र पार्टेसनको कार्य प्रतिस्पर्धाको

माध्यमबाट खरिद गर्दा ढीला हुने भएकाले देहाएका फर्महरुसँग रू.२८३४८१९।०० को सोझै खरिद कार्य गरेको कार्यालयको भनाइ रहेको छ। ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

| **गो.भौ.नं. र मिति** | **फर्मको नाम** | **खरिदको प्रकार** | **रकम (मू. अ कर समेत)** |
|---|---|---|---|
| १९७।२०८२।३।१८ | चक्र मिलन फर्निचर उद्योग | प्रशासनिक भवनको लागि सोफासेट लगायतका सामाग्री | ९९८३८७ |
| २२२।२०८२।३।२१ | श्रृष्टी एण्ड प्रकृती फर्निचर उद्योग | विभिन्न विद्यालयलाइ सोफासेट लगायतका सामाग्री | ९१८७०१ |
| २३९।२०८२।३।२४ | डि के सिभिल सोलुसन | आर्थिक प्रशासन भित्र निर्माण सहितको कार्य | ९१७७३१ |
| **जम्मा** | | | **२८३४८१९** |

४७ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ को १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नलिखित आपूर्तक फर्मबाट रू.२९७७४१२।०० मूल्यका औषधि तथा औषधिजन्य वस्तु खरिद गरेकोमा निम्न व्यहोरा देखिएका छन्:

| गो.भौ.नं./मिति | खरिद विधि | आपूर्तक फर्मको नाम | भुक्तानी रू. |
|---|---|---|---|
| गा.पा. स्वास्थ्यतर्फ | | | |
| ६-२०८१।९।८ | सोझै | यूनिग्लोब हेल्थ केयर प्रालि | ७९८५७९ |
| ३४-२०८२।३।८ | सोझै | फार्मेसी मेड्स प्रालि | २९९६६७ |
| ३९-२०८२।३।९ | | यूनिग्लोब हेल्थ केयर प्रालि | ४००१०० |
| संघीय शशर्त तर्फ | | | |
| ८९-२०८१।१२।१२ | वोलपत्र | यूनिग्लोब हेल्थ केयर प्रालि | ७३०९९६ |
| १६७-२०८२।२।८ | वोलपत्र | मेडिजोन मेडिसिन कन्सर्न | ७४८०७० |
| | | जम्मा | २९७७४१२ |

· आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,

· औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।

· खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।

· आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।

· जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

· औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(ख) विपरीत एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४८ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने त्यस्तै नियमावलीको नियम ९ मा उल्लिखित कुराहरुको विचार गरी सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले अधिकांश मालसामान खरिद गर्दा लागत अनुमान तयारी एवं स्वीकृती नगरी ३ वटा आपूर्तकबाट खुला दरभाउपत्र लिई घटीवालाबाट सोझै खरिद गरेको पाईयो। खरिद कानुन बमोजिम लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गर्नुपर्दछ। केही उदाहरण देहाय बमोजिम छन्:

| गो.भौ.नं. र मिति | आपूर्तकको नाम | मालसामान | रकम |
|---|---|---|---|
| ३५७-२०८२।२।९ | यूनिक कम्प्युटर्स नेपालगंज | ल्यापटप र कल प्रिन्टर | १२३७३५ |
| ३७२-२०८२।२।२४ | डाटा केयर सेन्टर काठमाडौ | सिसि टिभी जडान | ९९९३०० |
| ५३३-२०८२।३।१७ | वि टेक कम्प्युटर एण्ड इलेक्ट्रोनिक धनगढी | स्मार्ट टिभि, नेटवर्किङ्गका सामान लगायत अन्य | ७९८४५८ |

४९ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत् गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दाबी नभएको र उपभोक्ता मार्फत् वा निर्माण व्यवसायी मार्फत् हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो नगरेको कारण गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन तसर्थ निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

५० **उपभोक्ता समिति कार्यको बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च बेहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ। परीक्षण गर्दा रू.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गराएको छैन। नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनुपर्दछ।

५१ **न्यूनतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन। कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ।

५२ **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसारनिर्माण ठेक्का कार्यमा अभिलेखाङ्कनका लागि महालेखापरीक्षकबाट स्वीकृत म॰लेप॰फा॰नं॰५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ। उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बाँकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको

म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

५३ **बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेशीन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायतको समग्र जोखिम बहन गर्ने गरी निर्माण व्यवसायीले बिमा गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट भएका ठेक्का सम्झौतामा बिमा आइटम नराख्ने र राखेकोमा पनि यस वर्ष भएका कुनै पनि ठेक्कामा बिमा गराएको पाइएन। बिमा गराएर मात्र कार्य सम्पादन गराउनुपर्दछ।

५४ **जटिल संरचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशीन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायीक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | खर्च रकम |
|---|---|---|
| नवदुर्गा आ वि २ कोठे भवन | भवन निर्माण | २२२२११८ |
| देवकी आ वि २ कोठे भवन | भवन निर्माण | २३९३००० |
| विजया आ वि २ कोठे भवन | भवन निर्माण | २०१५६१५ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ।

५५ **डि.पि.आर.**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर.लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेकोमा तोली सडकको डि.पि.आर. शहरी विकासबाट हुने गरी बजेट व्यवस्था भएको र बाँकी कार्यको डि.पि.आर.२०८२।८३ को बजेटमा सुनिश्चित भएको कार्यालयको भनाइ रहेको छ। प्रतिवेदनको कार्यान्वयन हुनुपर्दछ।

| गो.भौ.नं. र मिति | कार्य | परामर्शदाता | खर्च रू. |
|---|---|---|---|
| २२३।।२०८२।३।२१ | जाल्पादेवी आधारभूत विद्यालयको ४ कोठे भवन | विज इन्जिनियरिङ कन्सल्टेन्सी | ४९९२३४ |
| २४१।२०८२।३।२४ | पञ्चदेवल देखि वान्ने तोलि सडक १४ कि.मि. | माइलस्टोन इन्फ्रास्ट्रक्चर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | १४९८१५८ |
| २५०।२०८२।३।२४ | भवानीदेवी मा वि गुरुयोजना | सिडेक प्रा लि | ४९४९४० |
| २५३।२०८२।३।२४ | देलिकाडा मन्दिर तथा पर्यटकिय क्षेत्र | विर कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सोलुसज प्रा लि | ४९९१४५ |
| २१।२०८२।३।१८-संघीय कन्टिन्जेन्सी | मालिका मा वि गुरुयोजना | वन्डाली कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि | ४९९१२१ |

डि.पि.आर. सेवा खरिदका सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

- पालिकाको जनशक्तिको उपयोग नगरेको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको

माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो ।कार्यालयको जनशक्तिवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदातासंग खरिद गर्नुपर्दछ ।

- पेशागत दायित्वको बिमा नगरेको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१(७) मा परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व वीमा (प्रोफेसनल लायविलिटी ईन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । नियमावलीमा भएको व्यवस्था बमोजिम पेशागत दायित्व बिमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

**५६ जग्गा प्राप्ति**

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नुपर्ने र ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नुपर्ने र ऐनको दफा १३ अनुरुप गठित मुआब्जाको रकम निर्धारण समितिको सिफारिसमा जग्गाको मुआब्जा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ढ) मा स्थानीय तहले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने र मुआब्जा निर्धारणको लागि सहजीकरण गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष जग्गा खरिद बापत रू.१२३८०००।०० सम्बन्धित जग्गाधनीलाई भुक्तानी गरेकोमा जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनको अनुशरण गर्नुपर्दछ।

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४३६।२०८२।३।५ | वडा नं १ स्थित नगरस्तरीय खेलमैदान निर्माणका लागि प.वि.न.पा-१ का युवराज आचार्यसँग २५०३ वर्ग मिटर जग्गा खरिद | ९८४००० |
| ६७४-२०८२।३।२५ | पालिकाको प्रशासकिय भवनलाई अपुग जग्गाका लागि प.वि.न.पा-३ का टिकाराम अधिकारीसँग १६१.१२ वर्ग मिटर जग्गा खरिद | २५४००० |
| **जम्मा** | | **१२३८०००** |

**५७ मूल्य अभिवृद्धि कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **३४,४५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **३१,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-९** को निर्णयले रू **३१,६७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

**५८ घरभाडा आम्दानी**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, वर्कसप, गोदाम भाडामा लगाएमा १० प्रतिशत कर लगाउने व्यवस्था रहेकोमा यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएका छन् एकीकृत लगत विवरण नराखेकोले आर्थिक स्रोत भएको घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन। बहाल कर वापत पालिकाले रू. ७ लाख ३२ हजार असुल गरेको देखिएकोमा घरबहाल करलाई थप सशक्त वनाउन र घर नक्सापास मापदण्ड वनाई करको दायरामा ल्याई राजस्व विस्तार गर्नुपर्दछ।

**५९ कर सङ्कलन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर मालपोत | १५००००० | ७६९३७५ | ५१.२९ |
| बहाल कर | १०००००० | ७३२८०२ | ७३.२८ |
| सिफारिस दस्तुर | १५०००००० | १५००७६३ | १००.०५ |
| व्यवसायकर | ९३५११५० | २७७६५६ | २९.६९ |
| गाडी वहाल | ४२०००००० | ११७८८३९ | २८.०६ |
| दहत्तर बहत्तर | १५०००००० | ८८४९४० | ५९ |
| अन्य | २८८२००० | २७७३४९८ | ९६.२३ |
| जम्मा | **१३५१७१५०** | **८११७८७३** | **६०** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ६० प्रतिशत आन्तरिक आय सङ्कलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा थप बढाउने तर्फ ध्यान दिनुपर्दछ।

६० **टिप्परको आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ अनुसार विभिन्न कर उठाउने व्यवस्था रहेको छ। पालिकाले टिप्परको आम्दानी वापत यो आर्थिक वर्षमा रू.४०००००।०० आम्दानी र दाखिला गरेको छ। पालिकाले सम्झौता गरी टिप्पर सञ्चालन गर्नुपर्नेमा टिप्पर चालकलाई पूर्ण जिम्मा दिने गरेकोमा पालिकावाट सम्झौता गरी सञ्चालन गर्ने तर्फ जोड दिनुपर्दछ।

६१ **राजस्व बाँडफाट**

प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ (४) मा नदिजन्य पदार्थवाट प्राप्त सङ्कलित रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१०, दफा ६९(१)(क) अनुसार स्थानीय तहले उठाएको राजस्व तथा आय स्थानीय सञ्चित कोषमा जम्मा हुनुपर्ने व्यवस्था छ र सोही दफाको उपदफा (४) मा सञ्चित कोषमा जम्मा भएको रकम खर्च गर्ने व्यवस्था स्थानीय कानुन अनुसार हुने उल्लेख छ। यस वर्ष नदि जन्य पदार्थवाट सङ्कलन गरेको आय रू.८,८४,७७४।०० को ४० प्रतिशत रू.३,५३,९१०।०० प्रदेश सञ्चित कोष पठाउनुपर्नेमा सो नगरी स्थानीय राजस्व खातामा जम्मा गरेको देखिन्छ। स्पष्ट कानुनी आाधर नभएकोले राजस्व बाँडफाँड सम्बन्धमा स्पष्ट हुनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पंचदेवल विनायक नगरपालिका, अछाम , पंचदेवल विनायक नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ध्रुव प्रसाद सापकोटा | २०८०-६-२१ | २०८१-४-२१ |
| कार्यालय प्रमुख | पदम वहादुर माझि | २०८१-४-२२ | २०८१-०८-०५ |
| कार्यालय प्रमुख | डम्बर बहादुर थापा | २०८१-८-६ | २०८२-०७-१७ |
| कार्यालय प्रमुख | कृष्ण प्रसाद खरेल | २०८२-०७-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोग बहादुर चलाउने | २०७८-९-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २०६,०८२ | २,३२९,७२८ | १६६,५३७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २,७०२,३४७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २१५,२४४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २,४८७,१०३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३३२१५००५.२६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५३५९००१३ | चालु खर्च | ३५०७२०६२५.९६ |
| प्रदेश सरकारबाट अनुदान | २४१९२००० | पूँजीगत खर्च | ९२८११५५१ |
| राजश्व बाँडफाँट | १०३६००२४८.७३ | वित्तीय/अन्य व्यवस्था | १९६२८०२८०.१८ |
| आन्तरिक आय | ८११७८७३.२९ | | |
| अन्य आय | १५६६३३३१७.८३ | | |
| कुल आय | ६४६१३३४५२.८५ | कुल खर्च | ६३९८१२४५७.१४ |
| बाँकी मौज्दात | | ३९५३६०००.९७ | |

**अनुसूची - २**

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : सुदूरपश्चिम प्रदेश जिल्ला : अछाम स्थानीय तह : पंचदेवल विनायक नगरपालिका, अछाम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,६५,२५,७१८.७९ | ० | १०,६५,२५,७१८.७९ | ९,६४,३०,९१०.४५ | ० | ९,६४,३०,९१०.४५ |
| १३००० | अनुदान | | ३३,५६,७४,०२८.२२ | ० | ३३,५६,७४,०२८.२२ | ३५,८१,१६,२४३.९६ | ० | ३५,८१,१६,२४३.९६ |
| १४००० | अन्य राजस्व | | २८,६३,२५७.१३ | ० | २८,६३,२५७.१३ | २१,२३,७८९.८५ | ० | २१,२३,७८९.८५ |
| १५००० | विविध प्राप्ति | | २३,२९,१४६.१० | ० | २३,२९,१४६.१० | ८,२५,३११.०० | ० | ८,२५,३११.०० |
| क | कुल जम्मा प्राप्ति | | ४४,७३,९२,१५०.२४ | | ४४,७३,९२,१५०.२४ | ४५,७४,९६,२५५.२६ | | ४५,७४,९६,२५५.२६ |
| ३ | चालु | | ३५,०७,२०,६२५.९६ | ० | ३५,०७,२०,६२५.९६ | ३५,९१,२४,२७८.७६ | ० | ३५,९१,२४,२७८.७६ |
| २१००० | पारिश्रमिक / सुविधा | | १९,३०,३७,३७२.६२ | ० | १९,३०,३७,३७२.६२ | १८,४३,९८,४०२.१८ | ० | १८,४३,९८,४०२.१८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,३४,२९,८८३.७३ | ० | ११,३४,२९,८८३.७३ | १३,४७,५८,३७५.५८ | ० | १३,४७,५८,३७५.५८ |
| २५००० | सहायता (Subsidy) | | १,९५,६२,२९४.७८ | ० | १,९५,६२,२९४.७८ | १,१७,१७,६८३.०० | ० | १,१७,१७,६८३.०० |
| २६००० | अनुदान | | १,१४,२३,२१५.०० | ० | १,१४,२३,२१५.०० | १,१६,६८,८०२.०० | ० | १,१६,६८,८०२.०० |
| २७००० | सामाजिक सुरक्षा | | ९१,८२,९९६.०० | ० | ९१,८२,९९६.०० | १,३३,५७,३०८.०० | ० | १,३३,५७,३०८.०० |
| २८००० | अन्य खर्च | | ४०,८४,८६३.८३ | ० | ४०,८४,८६३.८३ | ३२,२३,७०८.०० | ० | ३२,२३,७०८.०० |
| ४ | पुँजीगत | | ९,२८,११,५५१.०० | ० | ९,२८,११,५५१.०० | १२,९४,९९,३९२.०० | ० | १२,९४,९९,३९२.०० |
| ३१११० | भवन तथा संरचना | | ३,३९,२६,९१४.०० | ० | ३,३९,२६,९१४.०० | ३,५५,६२,३९७.०० | ० | ३,५५,६२,३९७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, | | १,०९,०८,००६.०० | ० | १,०९,०८,००६.०० | ६४,९२,०१८.०० | ० | ६४,९२,०१८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | | | | | | |
| ३११३० | अन्य पुंजीगत खर्च | | ११,७२,०००.०० | ० | ११,७२,०००.०० | १,६३,७९३.०० | ० | १,६३,७९३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ४,३२,६१,७८२.०० | ० | ४,३२,६१,७८२.०० | ८,३८,६१,६८५.०० | ० | ८,३८,६१,६८५.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १४,४९,७५५.०० | ० | १४,४९,७५५.०० | ५,७०,२७९.०० | ० | ५,७०,२७९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | २०,९३,०९४.०० | ० | २०,९३,०९४.०० | २८,४९,२२०.०० | ० | २८,४९,२२०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४४,३५,३२,१७६.९६ | | ४४,३५,३२,१७६.९६ | ४८,८६,२३,६७०.७६ | | ४८,८६,२३,६७०.७६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३८,५९,९७३.२८ | | ३८,५९,९७३.२८ | (३,११,२७,४१५.५०) | | (३,११,२७,४१५.५०) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | २४,६१,०२२.४३ | | २४,६१,०२२.४३ | ४५,४०,७२९.९८ | | ४५,४०,७२९.९८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ६३,२०,९९५.७१ | | ६३,२०,९९५.७१ | (२,६५,८६,६८५.५२) | | (२,६५,८६,६८५.५२) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,३२,१५,००५.२६ | | ३,३२,१५,००५.२६ | ५,९८,०१,६९०.७८ | | ५,९८,०१,६९०.७८ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,९५,३६,०००.९७ | | ३,९५,३६,०००.९७ | ३,३२,१५,००५.२६ | | ३,३२,१५,००५.२६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।